# प्रदेश राजपत्र

प्रदेश नं. ५, प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ३) बुटवल, रूपन्देही, बैशाख २४ गते, २०७६ साल (अतिरिक्ताङ्क ११


## भाग १

## प्रदेश सरकार

## आन्तरिक मामिला तथा कानून मन्त्रालयको सूचना

नेपालको संविधानको धारा १७६ बमोजिम प्रदेश नं. ५ को प्रदेश सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

सम्वत् २०७६ सालको ऐन नं. ९

## <u>प्रदेश नं. ५ तथ्याङ्क सम्बन्धमा व्यवस्था गर्ने बनेको ऐन</u>

**प्रस्तावनाः** प्रदेशको नीति, योजना तथा निर्णय प्रक्रियालाई तथ्यपरक बनाउन, अध्ययन अनुसन्धानका निमित्त आवश्यक तथ्याङ्क उपलब्ध गराउन तथा प्रदेशका विभिन्न गतिविधिहरु र त्यसका असर तथा प्रभावबारे जानकारी लिन आवश्यक तथ्याङ्क संकलन, भण्डारण, सम्प्रेषण, विश्लेषण र प्रकाशन गर्ने कार्यलाई व्यवस्थित गर्नका निमित्त प्रदेश सभाले यो ऐन बनाई जारी गरेको छ ।

## परिच्छेद - १

## प्रारम्भिक

१. **संक्षिप्त नाम, प्रारम्भः** (१) यस ऐनको नाम "प्रदेश नं. ५ तथ्याङ्क ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा र व्याख्याः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

**(क)** **"कम्प्युटर डाटावेस"** भन्नाले कम्प्यूटर वा कम्प्यूटर नेटवर्क प्रणालीमा प्रयोग गर्ने उद्देश्यले अङ्क, अक्षर, छवि, ध्वनि वा श्रव्य दृश्यमा औपचारिक तवरले तयार गरिएको साङ्ख्यकीय विवरण, तथ्याङ्क, सूचना, नक्शा, ज्ञान तथा अवधारणालाई सम्झनुपर्छ ।

**(ख)** **"कम्प्युटर नेटवर्क"** भन्नाले एक अर्कासँग अन्तरआवद्धित वा सञ्चार सम्पर्कमा रहेका दुई वा दुई भन्दा बढी कम्प्युटरहरुको अन्तर-सम्बद्धतालाई सम्झनुपर्छ ।

**(ग)** **"कार्यालय"** भन्नाले यस ऐन बमोजिम गठन भएको प्रदेश तथ्याङ्क कार्यालयलाई सम्झनुपर्छ ।

**(घ)** **"कार्य समूह"** भन्नाले प्रदेश तथ्याङ्क परिषद्ले यस ऐन बमोजिम आवश्यकता अनुसार गठन गरेको अन्तर निकाय तथ्याङ्क कार्य समूहलाई सम्झनुपर्छ ।

(ङ) **"तथ्याङ्क"** भन्नाले कुनै पनि प्राकृतिक एवम् कानूनी व्यक्तिसँग सम्बन्धित विवरणहरुको सुव्यवस्थित संकलन, प्रस्तुतीकरण, विश्लेषण वा संकलित विवरणबाट तयार गरिएको संख्यात्मक प्रस्तुतिलाई सम्झनुपर्छ ।

(च) **"परिषद्"** भन्नाले प्रदेश सरकारले यस ऐन बमोजिम गठन गरेको प्रदेश तथ्याङ्क परिषद्लाई सम्झनुपर्छ ।

(छ) **"प्रणाली"** भन्नाले प्रदेश तथ्याङ्क प्रणालीलाई सम्झनुपर्छ ।

(ज) **"प्राविधिक समिति"** भन्नाले तोकिए बमोजिम गठन भएका विषयगत तथा क्षेत्रगत समितिहरुलाई सम्झनुपर्छ ।

(झ) **"तथ्याङ्कशास्त्री"** भन्नाले प्रदेश तथ्याङ्क कार्यालयको प्रमुखलाई सम्झनुपर्छ ।

(ञ) **"विद्युतीय अभिलेख (इलेक्ट्रोनिक रेकर्डस्)"** भन्नाले विद्युतीय स्वरुपको कुनै माध्यमबाट सिर्जना गरी सम्प्रेषण गरिएका, प्राप्त गरिएका वा जम्मा गरिएका तथ्याङ्क, अभिलेख, छवि, ध्वनि वा श्रव्य दृश्यलाई सम्झनुपर्छ ।

(ट) **"समूह"** भन्नाले निजामती सेवा ऐनमा व्यवस्था भएको नेपाल आर्थिक योजना तथा तथ्याङ्क सेवाको तथ्याङ्क समुहलाई सम्झनुपर्छ ।

(ठ) **"स्थानीय तह"** भन्नाले नेपालको संविधान बमोजिम गठित स्थानीय तहलाई सम्झनुपर्छ ।

(ड) **"सार्वजनिक संस्था"** भन्नाले देहायका संस्थालाई सम्झनुपर्छ ।

(१) नेपाल सरकार र प्रदेश सरकारको पूर्ण वा आंशिक स्वामित्व वा नियन्त्रण भएको कम्पनी, बैङ्क वा समिति वा प्रचलित कानून बमोजिम नेपाल सरकार र प्रदेश सरकारद्वारा स्थापित आयोग, संस्था, प्राधिकरण, निगम, प्रतिष्ठान, बोर्ड, केन्द्र, परिषद् र यस्तै प्रकृतिका अन्य संगठित संस्था,

(२) नेपाल सरकार र प्रदेश सरकारद्वारा सञ्चालित वा नेपाल सरकार र प्रदेश सरकारको पूर्ण वा आंशिक अनुदान प्राप्त विश्वविद्यालय, विद्यालय, अनुसन्धान केन्द्र र अन्य त्यस्तै प्राज्ञिक वा शैक्षिक संस्था,

(३) नेपाल सरकार र प्रदेश सरकारको ऋण, अनुदान वा जमानतमा सञ्चालित संस्था,

(४) उपखण्ड (१), (२) र (३) मा उल्लिखित संस्थाको पूर्ण वा आंशिक स्वामित्व भएको वा नियन्त्रण रहेको वा त्यस्तो संस्थाबाट अनुदान प्राप्त संस्था,

(५) नेपाल सरकार वा प्रदेश सरकारले नेपाल राजपत्र वा प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी सार्वजनिक संस्था भनी तोकेको अन्य संस्था

**(ढ)** **"संगठित अनुसन्धान तथा परामर्श संस्था"** भन्नाले खण्ड (ठ) र (ड) मा उल्लेख भएका बाहेक प्रचलित ऐन बमोजिम दर्ता भएका अनुसन्धान तथा परामर्श वा तथ्याङ्क सम्बन्धी वा त्यस्तै प्रकृतिका संस्थालाई सम्झनुपर्छ ।

**(ण)** **"निजी संस्था"** भन्नाले प्रचलित ऐन बमोजिम नेपाल सरकार वा प्रदेश सरकारका कुनै निकाय वा स्थानीय तहमा दर्ता भएका निजी क्षेत्रको लगानी भएका संस्थाहरुलाई सम्झनुपर्छ ।

**(त)** **"निर्धारित तथ्याङ्क"** भन्नाले प्रदेश तथ्याङ्क प्रणालीअन्तर्गत कुनै खास निकायले गर्ने भनी निर्धारण गरिएको तथ्याङ्क वा तथ्याङ्कीय कार्यलाई सम्झनुपर्छ ।

**(थ)** **"आधिकारिक तथ्याङ्क"** भन्नाले प्रदेश तथ्याङ्क प्रणाली अन्तर्गत प्रदेश तथ्याङ्क कार्यालय तथा निर्धारित तथ्याङ्क उत्पादन गर्ने निकायले गरेको तथ्याङ्कलाई सम्झनुपर्छ ।

(द) **"सूचित आदेश"** भन्नाले कुनै खास तथ्याङ्कीय कार्यका लागि प्रदेश सरकारबाट प्रदेश राजपत्रमा प्रकाशित आदेश सम्झनुपर्छ ।

(ध) **"अधिकृत"** भन्नाले यस ऐन अन्तर्गत सङ्कलन गर्नुपर्ने तथ्याङ्क र सूचनाको विवरण सङ्कलन गर्न सूचित आदेश वा यस ऐन अन्तर्गत अधिकार प्राप्त अधिकृत सम्झनुपर्छ ।

(न) **"उत्तरदाता"** भन्नाले यो ऐनले अपेक्षा गरेको कुनै सूचना वा विवरण सोधिने प्राकृतिक वा कानूनी व्यक्तिलाई सम्झनुपर्छ ।

(प) **"तोकिएको" वा "तोकिए बमोजिम"** भन्नाले यस ऐनअन्तर्गत बनेको नियम वा नियमावलीमा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ ।

## परिच्छेद - २

## प्रदेश तथ्याङ्क प्रणालीका निर्देशक सिद्धान्तहरु

३. **निर्देशक सिद्धान्तको प्रयोगः** यस परिच्छेदमा लेखिएका सिद्धान्तहरु प्रदेशको तथ्याङ्कीय प्रणालीको मार्ग निर्देशकको रुपमा रहनेछन् ।

४. **निर्देशक सिद्धान्तहरुः** प्रदेश सरकारले प्रदेश तथ्याङ्क प्रणालीको विकासका लागि देहायका निर्देशक सिद्धान्तहरुको अवलम्वन गर्नेछ ।

(१) प्रदेशको सामाजिक, आर्थिक, वातावरणीय लगायतका विविध क्षेत्रहरुको अधिकतम सूचनालाई सम्भव भएसम्मको खण्डीकृत तथ्याङ्कको माध्यमबाट सार्वजनिक गराई सरकार र जनतालाई सुसूचित गराउने ।

(२) तथ्याङ्कीय संगठनको क्रियाकलापमा स्वतन्त्रता र तटस्थताको प्रत्याभूति गराउने ।

(३) प्रदेश तथ्याङ्क प्रणालीमा आवद्ध निकायसँग नागरिकको पहूँचको आधार र अधिकार सुनिश्चित गर्ने ।

(४) तथ्याङ्कमा सार्वजनिक विश्वासको वातावरण बनाउन व्यवसायिक दक्षता, व्यवसायिक चरित्र तथा गुण, वैज्ञानिक सिद्धान्त, अन्तर्राष्ट्रिय स्तरको मापदण्ड तथा सूचना व्यवस्थापनको अधिकतम प्रयोग गरी तथ्याङ्क सङ्कलन, प्रशोधन, विश्लेषण, भण्डारण, सम्प्रेषण लगायतका अन्य तथ्याङ्कीय कार्य गराउने ।

(५) तथ्याङ्कीय प्रयोजनका लागि आवश्यक तथ्याङ्कको आवश्यकता, गुणस्तर, प्रस्तुतीकरण, सङ्कलन अवधि, लागत तथा उत्तरदाताको संवेदनशीलता समेतलाई ध्यानमा राखी पूर्ण गणना, सर्वेक्षण, कार्यालय अभिलेख, कम्प्यूटर नेटवर्क वा अन्य कुनै सूचना व्यवस्थापनको माध्यमबाट उपलब्ध गराई तथ्याङ्क उत्पादनकर्ता, प्रयोगकर्ता तथा उत्तरदाता बीचको सम्बन्धलाई प्रभावकारी बनाउने।

(६) तथ्याङ्कीय प्रणालीमा आवद्ध कुनै पनि संस्थाबाट उपलब्ध तथ्याङ्कीय विवरणको गोपनीयता सुनिश्चति गर्ने ।

(७) तथ्याङ्कसँग सम्बन्धित ऐन, नियम, नीति तथा मापदण्डहरु समय समयमा सार्वजनिक गराउने तथा तथ्याङ्कको सही उपयोगबारे चेतना अभिवृद्धि गराउने ।

(८) स्तरीय परिभाषा, वर्गीकरण मापदण्ड अनुरुप अनुमति प्रणालीलाई प्रभावकारी तथा दिगो वनाउने ।

(९) विकेन्द्रित तथ्याङ्कीय क्रियाकलापलाई व्यवस्थित गर्न निर्धारित तथ्याङ्क प्रणालीलाई विकसित गराउने ।

(१०) प्रादेशिक तथा स्थानीय सरकारी निकाय तथा सार्वजनिक संस्थाहरुको तथ्याङ्कीय क्रियाकलापलाई गुणस्तरीय तथा प्रभावकारी बनाउन मानव संशाधनको विकास र उपयोग गर्ने।

(११) अन्तर्राष्ट्रिय स्तरमा द्विपक्षीय तथा बहुपक्षीय सहयोगका आधारमा तथ्याङ्क प्रणालीको विकास गर्ने ।

(१२) तथ्याङ्कमा दोहोरोपन हटाई मितव्ययिता कायम राख्ने ।

(१३) प्रदेश तथा स्थानीय तहको तथ्याङ्क व्यवस्थापनलाई सुदृढ बनाई प्रदेश तथ्याङ्क प्रणालीको अभिन्न अंगको रुपमा स्थापित गराउने ।

## परिच्छेद - ३
## प्रदेश तथ्याङ्क परिषद्

**५. प्रदेश तथ्याङ्क परिषद्को गठनः** (१) प्रदेशमा एउटा प्रदेश तथ्याङ्क परिषद् हुनेछ ।

(२) परिषद्को गठन व्यवस्था देहाय बमोजिम हुनेछ ।

(क) उपाध्यक्ष, प्रदेश योजना आयोग -अध्यक्ष

(ख) प्रदेश योजना आयोगका सदस्यहरु -सदस्य

(ग) सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय -सदस्य

(घ) सचिव, प्रदेश सरकार सबै मन्त्रालयहरु -सदस्य

(ङ) प्रदेश लेखा नियन्त्रक -सदस्य

(च) तथ्याङ्क क्षेत्रका लब्धप्रतिष्ठित व्यक्तिबाट मुख्यमन्त्रीले तोकेका एक जना महिला सहित दुइ जना -सदस्य

(छ) पेशागत संघसंस्थाहरुबाट मुख्यमन्त्रीले तोकेका एक जना -सदस्य

(ज) तथ्याङ्कशास्त्री, प्रदेश तथ्याङ्क कार्यालय -सदस्य सचिव

(३) उपदफा (२) मा रहेका पदेन बाहेक अन्य नियुक्त भएका सदस्यहरुको पदावधि २ वर्षको हुनेछ।

(४) परिषद्ले उपदफा (२) मा भएका सदस्यहरुका अतिरिक्त अन्य सरकारी निकाय, स्थानीय तह, सार्वजनिक संस्थाको प्रमुख वा प्रतिनिधि वा विशेषज्ञहरुलाई आवश्यकतानुसार परिषद्को बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

६. **<u>परिषद्को सचिवालयः</u>** प्रदेश तथ्याङ्क कार्यालयले परिषद्को सचिवालयको रुपमा कार्य गर्नेछ । यस्तो कार्यालय स्थापना नभएसम्म आर्थिक मामिला तथा योजना मन्त्रालयको सम्बन्धित महाशाखाले सो को सचिवालयको रुपमा कार्य गर्नेछ ।

७. **<u>परिषद्को बैठकः</u>** (१) परिषद्को बैठक अध्यक्षको अध्यक्षतामा कम्तीमा वर्षको एक पटक बस्नेछ ।

(२) परिषद् बैठकको निर्णय परिषद्का सदस्य सचिवद्धारा प्रमाणित गरिनेछ ।

८. **<u>परिषदको काम, कर्तव्य र अधिकारः</u>** परिषद्को काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) अल्पकालिन र दीर्घकालिन योजना तथा नीतिको तर्जुमा तथा कार्यान्वयनद्वारा सामयिक भरपर्दो र स्तरीय तथ्याङ्क उत्पादन गर्ने गरी प्रादेशिक तथ्याङ्क प्रणालीको विकास गर्ने ।

(ख) प्रादेशिक तथा स्थानीय तथ्याङ्कीय व्यवस्थापनमा समन्वय गर्ने ।

(ग) प्रदेश मापदण्ड तयार गरी सो अनुसार तथ्याङ्क प्रणाली विकसित गर्ने।

(घ) निर्धारित तथ्याङ्कीय प्रणाली अनुसार तथ्याङ्कीय कार्यको बाँडफाँडको व्यवस्था गर्ने ।

(ङ) अन्तर निकाय तथ्याङ्क कार्य समूहको गठन गर्ने ।

(च) तथ्याङ्क उत्पादनकर्ता बीच समन्वय ल्याउने ।

(छ) तथ्याङ्कसँग सम्वद्ध मामिलामा परिषद्लाई उपयुक्त लागेका निर्णय तथा निर्देशन प्रदान गर्ने ।

**९.** **<u>अन्तर निकाय तथ्याङ्क कार्य समूह सम्बन्धी व्यवस्था:</u>** परिषद्ले आवश्यकता अनुसार तोकिए बमोजिमका विषयगत वा क्षेत्रगत अन्तर निकाय तथ्याङ्क कार्य समूहको गठन गर्नेछ ।

## परिच्छेद - ४
## <u>प्रदेश तथ्याङ्क कार्यालय</u>

**१०.** **<u>प्रदेश तथ्याङ्क कार्यालय:</u>** (१) प्रदेश सरकारको एउटा प्रदेश तथ्याङ्क कार्यालय हुनेछ ।

(२) प्रदेश सरकारले प्रदेश तथ्याङ्क कार्यालयको मातहतमा रहने गरी आवश्यकता अनुसार प्रदेशका विभिन्न स्थानमा कार्यालय खोल्न सक्नेछ।

(३) उपदफा (१) बमोजिमको कार्यालयको प्रमुखमा नेपाल सरकार वा प्रदेश सरकारको द्वितीय श्रेणीका तथ्याङ्कशास्त्री रहनेछन् ।

**११.** **<u>प्रदेश तथ्याङ्क कार्यालयको काम, कर्तव्य र अधिकार:</u>** प्रदेश तथ्याङ्क कार्यालयको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) प्रदेश सरकारलाई योजना तर्जुमा तथा नीति निर्माणका लागि आवश्यक तथ्याङ्क उपलब्ध गराउने ।

(ख) प्रदेश तथ्याङ्क परिषद्बाट प्राप्त निर्देशन अनुसार कार्यक्रमहरु तयार गर्ने, गराउने ।

(ग) निर्धारित तथ्याङ्क प्रणाली अनुसार तोकिएको गणना, सर्वेक्षण लगायतका अन्य क्षेत्रगत तथ्याङ्कीय कार्यहरु सञ्चालन गर्ने, गराउने।

(घ) तथ्याङ्कको स्तर निर्धारण, प्रमाणिकरण तथा अवधारणा सम्बन्धी कार्य गर्ने ।

(ङ) प्रदेश तथा स्थानीय तहको माग अनुसार तथ्याङ्क उत्पादन गर्ने ।

(च) तथ्याङ्क सम्बन्धी अभिलेखहरुको सुरक्षा गर्ने ।

(छ) तथ्याङ्क सम्बन्धी पुस्तक पुस्तिका प्रकाशन तथा वितरणको व्यवस्था गर्ने ।

(ज) राष्ट्रियस्तरमा तय भएको परिभाषा, अवधारणा, वर्गीकरण तथा अन्य विषयहरु लागू गर्ने तथा लागू गर्न सम्बन्धित सबैमा निर्देशन दिने ।

(झ) प्रदेश सरकारको प्रदेश डाटा बैंकको रुपमा काम गर्ने ।

(ञ) तथ्याङ्कसँग सम्बन्धित प्रदेश तथा स्थानीय तहमा तालिम, सेमिनार, गोष्ठि आयोजना गर्ने ।

(ट) स्थानीय तहको तथ्याङ्क प्रणालीको विकासमा सहकार्य तथा सहयोगीको भूमिका खेल्ने ।

(ठ) समय सापेक्ष तथ्याङ्कीय नीति तथा रणनीतिहरुको तर्जुमा गर्ने ।

**१२. <u>तथ्याङ्कीय कार्यको कार्य विवरण तथा प्रतिवेदनः</u>** प्रदेश तथ्याङ्क कार्यालयले तोकिए बमोजिम वार्षिक तथ्याङ्कीय कार्यको कार्य विवरण सार्वजनिक गराउनु पर्नेछ ।

**१३. <u>प्राविधिक समितिः</u>** (१) प्रदेश तथ्याङ्क कार्यालयले विषयगत कार्यहरुका प्राविधिक समितिहरुको गठन गर्न सक्नेछ ।

(२) प्राविधिक समितिको गठन र संचालन तोकिए बमोजिम हुनेछ ।

**१४. <u>तथ्याङ्कशास्त्रीको काम, कर्तव्य र अधिकारः</u>** तथ्याङ्कशास्त्रीको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) व्यवसायिक स्वतन्त्रता एवम् निष्ठा कायम राखु तथ्याङ्कशास्त्रीको कर्तव्य हुनेछ ।

(ख) निर्धारित तथ्याङ्कीय प्रणालीमा आवद्ध भएका प्रदेश सरकार अन्तर्गतका सरकारी निकाय, स्थानीय तह तथा सार्वजनिक संस्थाहरुको तथ्याङ्कीय क्षमता अभिवृद्धि कार्यमा मुख्य सल्लाहाकारको रुपमा कार्य गर्ने, गराउने ।

(ग) प्रदेश तथ्याङ्क प्रणालीको समयानुकूल विकासका लागि प्रदेश सरकारलाई प्रतिवेदन तथा सुझाव उपलव्ध गराउने ।

(घ) तथ्याङ्क ऐन, नियम तथा नीति, निर्देशनहरुको पालना गर्ने, गराउने ।

(ङ) प्रदेश तथ्याङ्क कार्यालयको व्यवस्थापन तथा अन्तर्गतका कार्यालयको मुख्य सुपरीवेक्षक भई कार्यालय तथा कर्मचारीको अनुगमन, सुपरीवेक्षण तथा नियन्त्रण गर्ने, गराउने ।

(च) प्रचलित ऐन नियमहरुमा उल्लेख भए बमोजिम अन्य काम, कर्तव्य र अधिकारको प्रयोग गर्ने ।

**१५. <u>सेवा समूह सञ्चालन सम्बन्धी व्यवस्थाः</u>** सेवा, समूह सञ्चालन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद-५

## तथ्याङ्क सङ्कलन, प्रकाशन, अनुमति प्रणाली तथा गोपनियता

**१६. तथ्याङ्क संकलनः** (१) प्रदेश सरकारले सूचित आदेशद्वारा कुनै व्यक्ति, घर, घरपरिवार, तीनै तहका सरकारी निकाय, स्थानीय तह, सार्वजनिक संस्था, निजी संस्थाको विवरण वा तिनीहरुको भोग चलन वा नियन्त्रणमा रहेको

सूचित आदेशमा तोकिएको विषय सम्बन्धी विवरण, लगत, सूचना र तथ्याङ्क तोकिएको ढाँचा र समयमा प्रदेश तथ्याङ्क कार्यालयका तथ्याङ्कशास्त्री समक्ष पेश गर्न सम्बन्धित पक्षलाई आदेश गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको आदेशको पालना गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

(३) निर्धारित तथ्याङ्कीय कार्य गर्ने भनी तोकिएका अन्य निकायहरुको हकमा तोकिए बमोजिम व्यवस्था हुनेछ ।

(४) उपदफा (१) मा उल्लिखित सूचित आदेश सम्बन्धित सबैको जानकारीका लागि प्रदेश राजपत्रमा प्रकाशित गरिनेछ ।

(५) प्रदेश तथ्याङ्क कार्यालयले सोझै वा आफ्नो कुनै अधिकृतद्वारा व्यक्ति, घर, घरपरिवार, सरकारी निकाय, स्थानीय तह, सार्वजनिक संस्था, निजी संस्थामा लिखित सूचना पठाई विवरण वा तिनीहरुको भोग चलन वा नियन्त्रणमा रहेको तोकिएको कुरा सम्बन्धी तोकिएको विवरण, लगत, सूचना र तथ्याङ्कको तोकिएको ढाँचाको विवरण तोकिएको समयमा प्रदेश तथ्याङ्क कार्यालयका तथ्याङ्कशास्त्री समक्ष पेश गर्न सम्बन्धित पक्षलाई सूचना गर्न सक्ने छ ।

१७. **विवरण, लगत, खबर र तथ्याङ्क जाँच्ने अधिकारः** तथ्याङ्कशास्त्रीले आफू स्वयम् वा अधिकार प्रत्यायोजन गरी अधिकार प्राप्त गरेको अधिकृतले सूचित आदेश वा सूचनामा तोकिएको कुनै कुराको सम्बन्धमा विवरण, लगत, सूचना र तथ्याङ्क सङ्कलन गर्ने प्रयोजनका निमित्त वा त्यस्तो सूचित आदेश वा सूचनाअन्तर्गत दाखिला भएको कुनै विवरण, लगत, सूचना र तथ्याङ्क सत्य हो होईन भन्ने जाँच गर्नका निमित्त देहाय बमोजिम गर्न सक्दछ ।

(क) कुनै विवरण, सूचना, खबर र तथ्याङ्क उपलव्ध गराउनु पर्ने कर्तव्य भएको व्यक्ति, घर वा घरपरिवारको भोग चलन वा नियन्त्रणमा रहेको घर, जग्गामा र सरकारी निकाय, स्थानीय तह, सार्वजनिक संस्था, निजी संस्थाको हकमा सम्बन्धित निकायको प्रमुखलाई पूर्व सूचना दिई मनासिव माफिकको समयमा प्रवेश गर्ने,

(ख) पुनः विवरण, लगत, सूचना र तथ्याङ्क उपलव्ध गराउन सूचना दिने,

(ग) यो ऐन अन्तर्गत सङ्कलन गर्नुपर्ने विवरण, लगत, सूचना र तथ्याङ्क सम्बन्धी कुनै व्यक्तिलाई थाहा छ भन्ने मनासिव माफिकको विश्वास भएमा निजसँग प्रश्न सोध्ने ।

१८. **<u>अनुमति प्रणाली सम्बन्धी व्यवस्थाः</u>** (१) कुनै सरकारी निकाय, स्थानीय तह, सार्वजनिक संस्था तथा निजी संस्थाले व्यक्ति, घर, घरपरिवार, सरकारी निकाय, स्थानीय तह, सार्वजनिक संस्था, निजी संस्थाको कुनै विवरण, लगत, सूचना र तथ्याङ्क सङ्कलन गर्नुपरेमा प्रदेश तथ्याङ्क कार्यालयबाट पूर्व स्वीकृती लिएर मात्र गर्नु पर्दछ । तर, निर्धारित तथ्याङ्क भनी तोकिएका तथ्याङ्कीय कार्यहरुका लागि यसले बाधा पुगेको मानिने छैन ।

(२) उपदफा (१) बमोजिम विवरण, लगत, सूचना र तथ्याङ्क सङ्कलन गर्न चाहनेले सङ्कलन गर्नुको उद्देश्य, कार्य क्षेत्र, तथ्याङ्कीय विधि, आर्थिक पक्ष सहित तोकिएको ढाँचाको विस्तृत विवरण कार्यालयमा पेश गर्नुपर्नेछ ।

(३) उपदफा (१) बमोजिमको विवरण, लगत, सूचना र तथ्याङ्क सङ्कलन गर्न मनासिव देखिएमा कार्यालयले स्वीकृति दिनेछ । त्यसरी स्वीकृति दिंदा कार्यालयले विवरण, लगत, सूचना र तथ्याङ्क सङ्कलन गर्दा

अपनाउनुपर्ने प्रणाली र आवश्यक देखिएका अन्य शर्तहरु समेत तोकिदिन सक्नेछ ।

(४) अनुसन्धान, परामर्श तथा अन्य यस्तै प्रकृतिका तथ्याङ्कीय कार्य गर्ने निजी क्षेत्रका संस्थाहरु प्रदेश सरकारबाट तोकिएको निकायमा दर्ता भएको हुनुपर्नेछ ।

(५) प्रदेश तथा स्थानीयस्तर बाहेक स–साना अध्ययन, सर्वेक्षण, गणनाहरु तोकिए बमोजिम हुनेछ।

(६) उपदफा (१) मा उल्लेख भएको अनुमति प्रणाली सम्बन्धी कार्यहरु गर्न कार्यालयले आवश्यकता हेरी आफू मातहतका निकायमा अधिकार प्रत्यायोजन गर्न सक्नेछ।

१९. **तथ्याङ्क प्रकाशन वा प्रयोग गर्नु अघि प्रमाणित गराउनु पर्नेः** दफा १६ को उपदफा (१) बमोजिम सङ्कलन गरिएको विवरण, लगत, सूचना र तथ्याङ्क प्रयोगमा ल्याउनु वा प्रकाशन गर्नु अघि कार्यालयबाट प्रमाणित गराउनु पर्नेछ । तर, निर्धारित तथ्याङ्कको कार्य गर्ने भनी तोकिएका निकायबाट प्राप्त विवरण, लगत, सूचना र तथ्याङ्कको हकमा यो दफा लागू हुने छैन ।

२०. **गोपनियता सम्बन्धी व्यवस्थाः** (१) दफा १६ बमोजिम संकलन गरिएका कुनै व्यक्ति, घर, घरपरिवार, सरकारी निकाय, स्थानीय तह, सार्वजनिक संस्था, निजी संस्थाका कुनै व्यक्तिगत तथा ईकाईगत विवरण, लगत, सूचना, तथ्याङ्क, कम्प्युटर डाटावेस, विद्युतीय अभिलेख (इलेक्ट्रोनिक रेकर्ड) अथवा तिनका कुनै अंश सामूहिक तथ्याङ्कीय प्रयोजनका लागि मात्र प्रयोग गरिनेछ ।

(२) दफा १६ बमोजिम संकलन गरिएका कुनै व्यक्ति, घर, घरपरिवार, सरकारी निकाय, स्थानीय तह, सार्वजनिक संस्था, निजी

संस्थाको प्राप्त कुनै व्यक्तिगत तथा ईकाईगत विवरण, लगत, खबर, तथ्याङ्क, कम्प्युटर तथ्याङ्क आधार (डाटावेस), विद्युतीय अभिलेखहरु (इलेक्ट्रोनिक रेकर्डस्) अथवा तिनका कुनै अंश उपलव्ध गराउने व्यक्ति वा निजद्वारा अधिकार प्राप्त प्रतिनिधिको लिखित स्वीकृती विना कार्यालयका तथ्याङ्कशास्त्री बाहेक अरु कसैलाई देखाउन वा प्रकाशित गराउन पाईने छैन।

(३) कुनै व्यक्ति, घर, घरपरिवार, सरकारी निकाय, स्थानीय तह, सार्वजनिक संस्था, निजी संस्थाबाट प्राप्त कुनै व्यक्तिगत तथा ईकाईगत विवरण, लगत, सूचना, तथ्याङ्क, कम्प्युटर डाटावेस, विद्युतीय अभिलेखहरु (इलेक्ट्रोनिक रेकर्डस्) अथवा तिनका कुनै पनि अंश कुनै पनि अदालतमा प्रमाणको रुपमा पेश गरिने छैन । तर यो ऐन अन्तर्गत मुद्दा चलाउने प्रयोजनका लागि मात्र त्यस्तो विवरण, लगत, सूचना, तथ्याङ्क, कम्प्युटर डाटावेस, विद्युतीय अभिलेखहरु (इलेक्ट्रोनिक रेकर्डस्) अदालतमा पेश गर्नमा उपदफा (२) ले बाधा पुऱ्याएको मानिने छैन।

## परिच्छेद-६
## निर्धारित तथ्याङ्क प्रणाली

२१. **निर्धारित तथ्याङ्क प्रणाली सम्बन्धी व्यवस्थाः** (१) निर्धारित तथ्याङ्क प्रणाली प्रदेशको समष्टिगत प्रदेश तथ्याङ्क प्रणालीको अभिन्न अङ्ग हुनेछ ।

(२) प्रदेशमा प्रमुख सरकारी तथ्याङ्क कार्यालयको रुपमा प्रदेश तथ्याङ्क कार्यालय र निर्धारित तथ्याङ्कीय कार्य गर्ने भनी तोकिएका अन्य सरकारी निकाय, स्थानीय तह तथा सार्वजनिक संस्थाहरु निर्धारित तथ्याङ्क कार्यालयको रुपमा रहनेछन् ।

(३) प्रदेश ऐन, स्थानीय सरकारको ऐन, सरकारी निकाय तथा सार्वजनिक संस्थाको तत्सम्बन्धी कुनै संघीय ऐनमा तथ्याङ्कीय कार्य प्रयोजनको स्पष्ट व्यवस्था भएको हकमा ऐनले तोकिदिएको हदसम्मलाई निर्धारित तथ्याङ्क कार्य भनी बुझिनेछ ।

(४) उपदफा (३) वा दफा १९ वा परिषद्को निर्णय बमोजिम तोकिएका तथ्याङ्कीय कार्यसँग सम्बन्धित विषयको अन्तिम प्रकाशनको जिम्मेवारी सम्बन्धित निकायको हुनेछ ।

## परिच्छेद - ७

## कम्प्युटर डाटावेस तथा विद्युतीय अभिलेख (इलेक्ट्रोनिक रेकर्डस्) सम्बन्धी व्यवस्था

२२. **कम्प्युटर डाटावेस तथा विद्युतीय अभिलेख (इलेक्ट्रोनिक रेकर्डस्) को प्रयोगः** (१) प्रदेश तथ्याङ्क प्रणालीमा आवद्ध प्रदेश तथ्याङ्क कार्यालय, सरकारी निकाय, स्थानीय तह, सार्वजनिक संस्था बीच कुनै विवरण, लगत, सूचना, तथ्याङ्क, कम्प्युटर डाटावेस तथा विद्युतीय अभिलेख (इलेक्ट्रोनिक रेकर्ड) तोकिए बमोजिम कम्प्युटर नेटवर्कको माध्यमबाट एक आपसमा उपलव्ध गराउन सकिनेछ ।

(२) कम्प्युटर प्रणालीमा भएका सबै प्रकारका विवरण, लगत, सूचना, तथ्याङ्कको आधिकारिकता तोकिए बमोजिम हुनेछ ।

२३. **कम्प्युटर डाटावेस तथा विद्युतीय अभिलेख (इलेक्ट्रोनिक रेकर्ड) को उत्पत्तिकर्ताको सम्प्रेषणका आधारः** (१) उत्पत्तिकर्ता आफैले कम्प्युटर डाटावेस तथा विद्युतीय अभिलेख (इलेक्ट्रोनिक रेकर्ड) सम्प्रेषण गरेको भएमा,

(२) कम्प्युटर डाटावेस तथा विद्युतीय अभिलेख (इलेक्ट्रोनिक रेकर्ड) को सम्बन्धमा आवश्यक कार्य गर्न उत्पत्तिकर्ताको तर्फबाट

अख्तियारी प्राप्त गरेको व्यक्तिले त्यस्तो कम्प्यूटर डाटावेस तथा विद्युतीय अभिलेख (इलेक्ट्रोनिक रेकर्ड) सम्प्रेषण गरेको भएमा,

(३) उत्पत्तिकर्ता र प्राप्तिकर्ताका तर्फबाट स्वचालित रुपमा सञ्चालन गरी कार्यक्रम बनाईएको कुनै कम्प्यूटर सूचना प्रणाली वा कम्प्यूटर नेटवर्कबाट त्यस्ता कम्प्यूटर डाटावेस तथा विद्युतीय अभिलेख (इलेक्ट्रोनिक रेकर्ड) सम्प्रेषण गरिएको भएमा ।

(४) कम्प्यूटर डाटावेस तथा विद्युतीय अभिलेख (इलेक्ट्रोनिक रेकर्ड) को उत्पत्तिकर्ताको अन्य आधार तोकिए बमोजिमको हुनेछ ।

२४. **कम्प्यूटर डाटावेस तथा विद्युतीय अभिलेख (इलेक्ट्रोनिक रेकर्डस्) प्राप्ति स्वीकारका आधारः** कम्प्यूटर डाटावेस तथा विद्युतीय अभिलेख (इलेक्ट्रोनिक रेकर्ड) प्राप्ति स्वीकारका आधार तोकिए बमोजिमको हुनेछ ।

२५. **प्रशोधित, अर्ध प्रशोधित तथा कोरा तथ्याङ्कको बिक्री वितरणः** (१) प्रदेश तथ्याङ्क कार्यालयले आफ्नो कुनै प्रशोधित, अर्ध प्रशोधित तथा कोरा अवस्थामा रहेका तथ्याङ्कहरु पुरै वा आंशिक रुपमा व्यक्तिगत तथा ईकाईगत एवम् तोकिए बमोजिमको गोपनियता सतर्कता अपनाई ईलेक्ट्रोनिक डिभाईसेसका माध्यमबाट बिक्री वितरण गर्न सक्नेछ ।

(२) यसरी बिक्री वितरण गरिएका तथ्याङ्कको सर्वाधिकार प्रदेश तथ्याङ्क कार्यालयमा सुरक्षित रहनेछ ।

(३) निर्धारित तथ्याङ्कीय कार्य गर्ने भनी तोकिएका निकायको हकमा प्रशोधित, अर्ध प्रशोधित तथा कोरा तथ्याङ्क तोकिए बमोजिम हुनेछ।

## परिच्छेद-८

## सजाय, मुद्दा हेर्ने अधिकारी तथा पुनरावेदन

२६. **सजायः** (१) दफा १६ को उपदफा (१) र (५) बमोजिम कुनै व्यक्तिगत तथा ईकाईगत विवरण, लगत, सूचना, तथ्याङ्क दिनुपर्ने कर्तव्य भएको कुनै

व्यक्ति वा संस्थाले देहायको कसुर गरेमा त्यस्तो प्रत्येक कसुरका लागि रु. एक लाखसम्म जरिवाना हुनेछ ।

(क) जानी जानी त्यस्तो विवरण, लगत, सूचना, तथ्याङ्क तोकिएको म्याद भित्र नदिएमा वा दिन ईन्कार गरेमा ।

(ख) जानी जानी कुनै झुट्टा विवरण, लगत, सूचना, तथ्याङ्क दिएमा।

तर, यस उपदफा अन्तर्गत सजाय हुने कसुर जो कोहीले गरेकोमा सो कसुर भएको कुरा आफूलाई थाहा नभएको वा कसुर रोक्न आफूले सकभर उचित प्रयत्न गरेको यथेष्ट प्रमाण पेश गर्न सकेमा यस उपदफा अन्तर्गत मुद्दा चलाउन बाध्य मानिने छैन ।

(२) यस ऐनको दफा १८ बमोजिम प्रदेश तथ्याङ्क कार्यालयको स्वीकृती विना कुनै निजी संस्थागत अनुसन्धान, परामर्श तथा अन्य यस्तै प्रकृतिका तथ्याङ्कीय प्रयोजनका संस्थाहरुले कुनै व्यक्ति, घर, घरपरिवार, सरकारी निकाय, स्थानीय तह, सार्वजनिक संस्था, निजी संस्थाको विवरण, लगत, सूचना, तथ्याङ्क सङ्कलन तथा प्रकाशन गरेमा रु. बीस हजारसम्म जरिवाना हुनेछ ।

(३) आफ्नो जिम्मामा रहेको विवरण, लगत, सूचना, तथ्याङ्क, कम्प्यूटर तथ्याङ्क आधार (डाटावेस), विद्युतीय अभिलेखहरु (इलेक्ट्रोनिक रेकर्ड) लापरवाही वा जानी जानी नष्ट गरेमा वा अन्य किसिमबाट त्यसमा नोक्सानी पुऱ्याएमा वा दफा २० को व्यवस्थाको वर्खिलाप हुने गरी कार्य गरेमा वा उपलब्ध भएको विवरण, लगत, सूचना, तथ्याङ्क, कम्प्यूटर डाटावेस, विद्युतीय अभिलेख (इलेक्ट्रोनिक रेकर्ड) अनधिकृत कामका लागि प्रयोग गरेमा प्रदेश तथ्याङ्क कार्यालय र यस अन्तर्गतका कुनै पनि तहका कर्मचारी अथवा प्रदेश तथ्याङ्क कार्यालयले कुनै खास कामका लागि

करारमा नियुक्त गरेका व्यक्ति समेतलाई रु. एक लाखसम्म जरिवाना हुनेछ।

(४) कुनै व्यक्तिले कसैलाई यो ऐन अन्तर्गत दिइएको कुनै आदेश वा सूचनाको पालना नगर्नु भनी वा प्रदेश तथ्याङ्क कार्यालयका तथ्याङ्कशास्त्री वा कुनै अधिकार प्राप्त अधिकृतले कानून बमोजिम मागिएको कुनै विवरण, लगत, सूचना, तथ्याङ्क नदिनु वा उपलब्ध नगराउनु भनी प्रचार प्रसार गरेमा निजलाई रु. बीसहजार सम्म जरिवाना हुनेछ ।

(५) यस ऐनको दफा २५ को उपदफा (१) को कम्प्युटर डाटावेस, विद्युतीय अभिलेख (इलेक्ट्रोनिक रेकर्ड) सम्बन्धी व्यवस्थामा भएको शर्त विपरित कसैले इलेक्ट्रोनिक्स डिभाइसेसमा उपलब्ध गराईएको प्रशोधित, अर्ध प्रशोधित तथा कोरा तथ्याङ्कको अनाधिकृत कपी गरेमा, विक्री वितरण गरेमा निजलाई रु तीस हजारसम्म जरिवाना हुनेछ ।

२७. **मुद्दा हेर्ने अधिकारः** (१) यस ऐन अन्तर्गत दफा २६ को उपदफा (१), (२), (३), (४) र (५) को कसुरका सम्बन्धमा कारवाही र सजाय गर्ने अधिकार प्रदेश तथ्याङ्क कार्यालयको तथ्याङ्कशास्त्रीलाई हुनेछ ।

(२) उपदफा (१) बमोजिम तथ्याङ्कशास्त्रीले गरेको निर्णय उपर उच्च अदालतमा पुनरावेदन लाग्न सक्नेछ ।

२८. **प्रदेश सरकार वादी हुनेः** यस ऐनअन्तर्गतको मुद्दामा प्रदेश सरकार वादी हुनेछ ।

## परिच्छेद-९

## विविध

२९. **अवधारणा सम्बन्धमाः** प्रदेश तथ्याङ्क प्रणालीमा आवद्ध प्रदेश तथ्याङ्क कार्यालय तथा स्थानीय तहको तथ्याङ्क सम्बन्धी कार्य, अन्य सरकारी निकाय, सार्वजनिक संस्थाहरुको कार्यक्रम सञ्चालन गर्ने सिलसिलामा

तथ्याङ्कको अवधारणागत कठिनाई देखिएमा प्रदेश तथ्याङ्क कार्यालयको निर्णय अन्तिम हुनेछ ।

**३०. <u>करारमा सेवा लिन सकिनेः</u>** (१) प्रदेश तथ्याङ्क कार्यालयले कुनै गणना, सर्वेक्षण वा अन्य तथ्याङ्कीय कार्यका लागि प्रचलित कानून बमोजिम सेवा करार लिन सक्नेछ ।

(२) यस ऐन अन्तर्गत भएको व्यक्ति करार सेवाले अन्य प्रदेश ऐनलाई बाधा पुऱ्याएको मानिने छैन।

(३) उपदफा (१) बमोजिम नियुक्त व्यक्तिको पारिश्रमिक तथा अन्य सुविधा र सेवाको शर्त प्रदेश सरकारले तोके बमोजिमको हुनेछ ।

**३१. <u>सुविधा दिन सक्नेः</u>** (१) प्रदेश सरकारले तथ्याङ्कको कुनै खास कामका निमित्त संलग्न कर्मचारीलाई तोकिए बमोजिमको रकम थप सुविधाको रुपमा र बढी समय काम लगाउनु परेमा प्रचलित कानून बमोजिम सुविधा उपलब्ध गराउन सक्नेछ ।

(२) प्रदेश सरकारले कुनै तथ्याङ्क काममा खटिएको कर्मचारीलाई निजले प्रचलित कानून अनुसार पाउने दैनिक भत्तामा तोकिए बमोजिमको रकम थप दिन सक्नेछ ।

**३२. <u>प्रकाशन बिक्री वितरण व्यवस्थाः</u>** कार्यालयले आफ्नो प्रकाशन तोकिए बमोजिम बिक्री वितरणको व्यवस्था मिलाउनेछ ।

**३३. <u>तथ्याङ्क सङ्कलन कार्यमा संलग्न कर्मचारी र उत्तरदाता सम्बन्धमाः</u>** तथ्याङ्क सङ्कलन कार्यमा संलग्न कर्मचारी र उत्तरदाता बीचको सम्बन्ध तिनीहरुको कर्तव्य तथा अधिकार तोकिए बमोजिम हुनेछ ।

**३४. अधिकार प्रत्यायोजन गर्न सक्ने:** दफा २७ को उपदफा (१) बमोजिम तथ्याङ्कशास्त्रीलाई भएको अधिकार प्रदेश सरकारले प्रदेश राजपत्रमा प्रकाशित गरी कुनै अधिकृतले प्रयोग गर्न पाउने गरी प्रत्यायोजन गर्न सक्नेछ ।

**३५. आदेश तथा सूचनामा प्रश्न उठ्न नसक्ने:** यो ऐनद्वारा प्रदत्त अधिकारको प्रयोग गरी दिएको कुनै आदेश वा सूचनाको सम्बन्धमा कुनै पनि अदालतमा प्रश्न उठाउन पाइने छैन ।

**३६. नियम वनाउने अधिकार:** यो ऐनको उद्देश्य कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यक नियम तथा नियमावलीहरु बनाउन सक्नेछ ।

**३७. निर्देशिका तथा कार्यविधि:** तथ्याङ्क सङ्कलन, प्रकाशन तथा वितरण सम्बन्धी काम कारवाहीलाई प्रक्रियागत ढङ्गबाट मितव्ययी रुपमा सञ्चालन गर्न प्रदेश सरकारले आवश्यक निर्देशिका तथा कार्यविधि बनाई लागू गर्न सक्नेछ ।

**३८. बचाउ:** यस अघि भएका तथ्याङ्क सम्बन्धी कार्यहरु यसै ऐन बमोजिम भए गरेको मानिने छ ।

प्रमाणीकरण मितिः २०७६/०१/२४

**आज्ञाले,**
**केशवराज आचार्य**
**प्रदेश सचिव**



प्रकाशनः प्रदेश नं. ५, आन्तरिक मामिला तथा कानून मन्त्रालय